**“प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि”**

इन्द्रसरोवर गाउँपालिका
कुलेखानी, मकवानपुर

**ेका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यू द्वारा प्रस्तुत आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम**

**गाउँ सभा**

इन्द्रसरोवर गाउँपालिका

०७ असार, २०८१

## "प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"

**<u>सम्मानित सभाका सभाध्यक्ष ज्यू,</u>**

**<u>गाउँ सभाका सदस्य ज्यूहरू,</u>**

स्थानीय तहको दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधि मार्फत कार्य प्रारम्भ गरेको २ वर्ष पूरा भइसकेको छ। पहिलो कार्यकालमा यस इन्द्रसरोवर गाउँपालिकाको विकासको आधार तयार गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने सम्पूर्ण निवर्तमान जनप्रतिनिधिहरू र हामीलाई निर्वाचित गर्नु हुने सम्पूर्ण इन्द्रसरोवर निवासीहरुमा पुन: एक पटक हार्दिक धन्यवाद तथा आभार ब्यक्त गर्दछु।

इन्द्रसरोवर गाउँपालिकाको गरिमामय तेह्रौं तथा दोस्रो कार्यकालको चौथो गाउँ सभामा आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्तै प्रफुल्लित भएको छु। साथै यस इन्द्रसरोवर गाउँपालिकाको गरिमामय सभामा सहभागी गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्मानित गाउँ सभाका सदस्यहरु तथा सभामा उपस्थित सम्पूर्णमा न्यानो अविभादन अर्पण गर्दै हार्दिक स्वागत गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न संघ, प्रदेश र स्थानीय तहको गठन भई ६ बर्ष व्यतित भई सकेको छ । संघ प्रदेश र स्थानीय तहको विचमा सहकारिता, समन्वय, सहयोग र सह—अस्तित्वबाट संम्वृद्ध राष्ट्र निर्माण गर्नु हामी सबैको साझा दायित्व हो । उक्त दायित्व पूरा गर्नका लागि यस नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुने कुरामा पूर्ण विश्वस्त छु।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्र पंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज विर पूर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्ठकर जीवन बिताई रहनु हुने सहयोद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

संघीय व्यवस्था बमोजिम गठित तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । सबै जाति, वर्ग, लिंङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जीवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभुत गर्ने गरी दिगो, सकारात्मक, गुणस्तरीय र समन्यायिक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ ।

यसको प्रभावकारी कार्यान्वयनका लागि एकात्मक केन्द्रीकृत शासन प्रणालीको तुलनामा संघीय शासन प्रणालीमा नै नागरिकलाई सरकारसंगको सहज पहुँच स्थापित हुने विश्वास लिएर नेपालको संविधानले संघीयता अवलम्बन गरेको छ।यसै सन्दर्भमा नागरिकका यिनै सवालहरु संघ, प्रदेश र स्थानीय तहका सरकारका साझा गन्तव्य बन्नु पर्छ र बनाउनु पर्दछ ।यसका लागि तीन वटै तहमा आआफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडि वढ्न सबै पक्षसंग हार्दिक अपिल गर्दै यहाँहरुसंग निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

## "प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"

देशले लिएको राजनैतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पूरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, सोह्रौं आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, गाउँपालिकाको पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका आवश्यकताहरु तथा इन्द्रसरोवर निवासी नागरिकका इच्छा चाहानाहरुलाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु ।आगामी आ.व.मा जनताले राखेको अपेक्षालाई सम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, लैगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दै आगामी आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम पेश गरेको छु ।

संघीयता कार्यान्वयनको जगमा हाम्रो गाउँपालिका विकासको प्रारम्भिक चरणमा छ । पूर्वाधार विकास हाम्रो पहिलो आवश्यकता भएको कारण घरघरमा खानेपानी, वाह्रै महिना चल्ने ग्रामीण सडक, मा.वि. सम्म निःशुल्क शिक्षा, गुणस्तरीय सर्बसुलभ स्वास्थ्य सेवा, वृहत सिंचाई, गुणस्तरीय विद्युतीकरण, सुरक्षित र उज्यालो वजारका लागि सौर्य वत्ति लगायत गाउँपालिका र वडा पालिका कार्यालयहरुको प्रशासनिक भवनहरुको निर्माण जस्ता विकासका पूर्वाधार तयार गर्न नै धेरै वजेट खर्च गर्नु पर्ने बाध्यता हामीसँग छ । यसका बावजुत पनि कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्दन लगायतका आर्थिक, सामाजिक, साँस्कृतिक एवं मनोसामाजीक समस्याका क्षेत्रमा योजनावद्ध ढंगले नीतिहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । महिला, वालवालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, गरिब तथा पछाडि परेका वा पारिएका वर्गको सशक्तीकरणका लागि विशेष योजना बनाई लागू गरिनेछ।

संघीयताको अवधारणा अनुरूप नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकारहरु सुनिश्चित गरेको छ । जसले गर्दा स्थानीय तहहरू अन्य तहका सरकारहरूसंग सहकारिता, सह—अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गरि व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरु प्रयोग गर्न सक्षम बनेका छन् । सशस्त्र द्वन्दको रुपान्तरण पश्चात संक्रमणकालीन व्यवस्थाको अन्त्य भई संघीयताको सफल कार्यान्वयनसंगै नागरिकले सबैभन्दा नजिकबाट देख्ने, भेट्ने र अनुभूति गर्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ ।

स्थानीय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कानुन, योजना तथा वजेट तर्जुमा गरि यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी ढंगले भइरहेका छन् । हामीले गाउँपालिकाको समग्र विकासमा आम नागरिकले महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरुको थालनी गरेका छौ र नागरिकलाई "गाउँ गाउँमा सिंहदरवार, घरघरमा स्थानीय सरकार" को अनुभुति दिन सफल भएका छौ । यसका बावजुत पनि गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिका स्तरीय गौरवका आयोजनाहरुको संचालन, सम्पन्न भएका योजनाहरुको हस्तान्तरण र संस्थागत विकास तथा लक्षित समुदायको सामाजिक सुरक्षा, स्वरोजगार एवं जनजीविकाको सवालमा गर्नुपर्ने कार्यहरु अझै धेरै बाँकी रहेको अनुभूति गरिरहेका छौं ।

## "प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"

यसको उचित सम्वोधनका लागि आगामी आ.व. २०८१/८२ मा अझै तिव्र गतिमा आयोजनाहरु सम्पन्न गरी यो महत्वपूर्ण तथा ऐतिहाँसिक कार्यकाल सफल बनाउन एक कोशेढुंगा सावित हुने विश्वास लिएको छु ।गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सीमित श्रोत साधनको अधिकतम् सदुपयोग गरी नयाँ जोश जाँगरका साथ समग्र विकास निर्माणमा दत्तचित्त भएर जिम्मेवारी निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपील गर्दछु । साथै इन्द्रसरोवर निवासी जनताको भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाउँपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानलाई दीर्घकालीन उद्देश्य राखी यस गाउँपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र सांस्कृतिक विकासमा अगाडि बढाउन हामी मन, वचन र कर्मले सधै प्रतिबद्ध र कटिबद्ध बनेका छौ र बनिरहने छौं भन्नेमा एकमत छौ ।

**आदरणीय सभाध्यक्ष महोदय**

यस इन्द्रसरोवर गाउँपालिकाको विकासका लागि कृषिमा आधुनिकीकरण, व्यबसायीकरण र बजारीकरण गर्ने, पर्यटन प्रवर्द्धन, गुणस्तर सहितको प्राविधिक शिक्षा, स्वास्थ्य सेवामा पहुँच सहित सर्वसुलभ सेवा प्रवाह, समतामूलक समाज, दिगो प्रयोगमैत्री पूर्वाधार, जैविक विविधताको संरक्षण गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्न "प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि : समतामूलक विकास इन्द्रसरोवरको समृद्धि" नारालाई यस नीति तथा कार्यक्रमले साकार पार्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

**आदरणीय सभाध्यक्ष महोदय,**

आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु गरिमामय सभामा प्रस्तुत गर्दछुः

क) कृषिको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण
ख) पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन
ग) गुणस्तरीय र दिगो पूर्वाधार विकास
घ) प्राविधिक तथा गुणस्तरीय शिक्षा
ङ) गुणस्तरीय तथा सर्वशुलभ स्वास्थ्य सेवा
च) आर्थिक विकासको लागि रोजगारी सिर्जना
छ) भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारिता
ज) विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासको प्रतिफलको न्यायोचित वितरण
**झ)** विपद् व्यवस्थापन र पुनर्स्थापना

**आदरणीय सभाध्यक्ष महोदय**

अब म क्षेत्रगत रूपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**“प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि”**

**राजश्व सम्बन्धी नीतिः-**

- गाउँपालिकाको विकासको आवश्यकता पूरा गर्नका लागि आवश्यक पर्ने राजस्व संकलन गरी यस गाउँपालिकालाइ आत्मनिर्भर बनाउन आन्तरिक राजस्वको दायरालाई वृद्दि गरिनेछ साथै राजस्वका थप क्षेत्रहरु पहिचान गरी राजस्व वृद्धिमा जोड दिइनेछ।
- गाउँपालिकाको राजश्वको अभिबृद्धि गर्न गाउँपालिकाबाट उपलव्ध गराइएका सेवा सुविधा बापत न्यूनतम सेवा शुल्क निर्धारण गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका सम्पूर्ण उद्योग तथा व्यवसायहरुलाई उत्पादन प्रणालीमा असर नपुग्ने गरी राजश्वको दायरा भित्र समेटिनेछ ।
- ‘स्वेच्छिक करदाताप्रति आभार, समृद्ध पालिकाको आधार’ भन्ने नारालाई आत्मसात गरिनेछ ।
- सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायका आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरि सेवा शुल्क निर्धारण गरिनेछ ।
- असल करदाताहरुलाई प्रोत्साहन गर्दै कर संकलन कार्यका लागि सकारात्मक प्रतिष्पर्धाको वातावरण सिर्जना गरिनेछ ।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्धन र रोजगारी श्रृजनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिनेछ।
- गुठीको नाममा भएको जग्गा कानून अनुसार सम्बन्धित व्यक्तिको नाममा ल्याउन पहल गरिनेछ।
- नापी नक्सा भएको दर्ता छुट रहेको जग्गालाई छुट दर्ता गरि जग्गा धनि पुर्जा दिलाई दिन पहल गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, ढुङ्गागिटी वालुवा लगायत ठूला उद्योगलाई दिगो, वातावरण मैत्री, वैज्ञानिक र व्यवस्थित वनाइनेछ ।
- स्वास्थ्य, शिक्षा, कृषि , विपद् र विपन्न नागरिकहरुलाई गाउँपालिकाबाट गरिने सिफारिसमा शुल्क नलाग्ने व्यवस्था मिलाइने छ ।
- राष्ट्रिय नीति अनुसार प्रदेश र संघीय सरकारसंग आवश्यक पहल तथा समन्वय गरी सम्पूर्ण गुठिका जग्गाहरु सम्बन्धि र छुट जग्गा दर्ता तथा पूनःनापी गरी सार्वजानिक,नीजी जग्गाको अभिलेखीकरण गर्ने व्यवस्था गरिनेछ ।
- राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङको अवस्थालाई थप सुधार गरिनेछ । राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आबद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिनेछ ।
- गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।
- गाउँपालिकाको राजस्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजस्व परामर्श समितिको सक्रीयतामा समितिले नियमित राजस्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- चालु खर्चलाई बाञ्छित सीमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिनेछ ।

- गाउँपालिका भित्र व्यक्तिले भोगचलन गरिरहेका गुठीको जग्गाको मालपोत हालको प्रचलित करको दर अनुसार समायोजन गर्न पहल गरिनेछ ।
- आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाकंन गरी आन्तरिक नियन्त्रण प्रणाली र लेखा परीक्षण प्रणालीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनेछ ।
- विभिन्न धार्मिक स्थल र पार्क तथा पर्यटकीय गन्तव्य स्थल निर्माण गरी पर्यटन शुल्क मार्फत गाउँपालिकाको राजश्वको दायरा बढाइने छ ।
- एकीकृत सम्पत्ती कर लागू गर्न आवश्यक प्रबन्ध मिलाइनेछ साथै कर प्रशासनको समयानुकूल सुधार गरिनेछ ।
- गाउँपालिका भित्र रहेका नदीजन्य पदार्थको विक्रीवितरण र कारोबार गर्ने व्यावसायीहरुले विक्री वितरण गर्ने नदीजन्य पदार्थको गुणस्तरमा एकरुपता कायम गर्न तथा विक्रीमूल्यमा एकरुपता कायम गर्न कार्यदल निर्माण गरी नियमन गरिनेछ ।
- नेपाल विद्युत प्राधिकरणले चर्चेको जग्गाको मालपोत लिनको लागि पहल गर्ने छ।
- समय सापेक्ष अनुसार ढुवानीका लागि पर्ने थप खर्च सहितको निर्माण सामग्रीहरुको दरभाउ कायम गर्न जिल्ला दररेट निर्धारण समितिलाई अनुरोध गरिनेछ ।
- सार्वजनिक जग्गालाई कार्यविधि तयार गरी गाउँपालिकाले संरक्षण गर्नेछ ।
- सार्वजनिक जग्गामा बनेको घर टहरालाई करको दायरामा ल्याइने छ।
- नयाँ र पहिलेदेखि सञ्चालनमा आइरहेका उद्योग तथा व्यवसायलाई व्यवस्थित गर्न दर्ता, नवीकरण, सूचिकृत, कर संकलन लगायतका कार्यलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ ।
- राजश्व छली नियन्त्रण र नियमन गर्न अनुगमन र सूचना प्रवाहलाई प्रभावकारी बनाई निरोधात्मक र दण्डात्मक कार्ययोजना ल्याइनेछ ।
- माछा व्यवसायी, ठाडोखोला झर्ना, डुङ्गा व्यवसायी, जिपलाइन लगायतका गाउँपालिका भरी व्यवसायिक तथा मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने व्यावसायीहरुलाई प्रचलित कानून बमोजिम करको दायरामा ल्याइनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आर्थिक विकास सम्बन्धी नीति :**

**क) कृषि तथा पशु विकास सम्बन्धी नीति**

- व्यवसाय दर्ता अभियान, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण तथा लघु, घरेलु, साना, मझौला उद्यम,स्थानीयस्तरमा उत्पादन हुने फलफूल तथा तरकारी व्यवसायिक खेती प्रवर्द्धन गरिनुको साथै गाउँपालिकालाई तरकारीको जोन तथा पशुपालन पकेटको रुपमा बिकास गरिनेछ ।

**"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"**

- कृषकहरुलाई कृषि र पशुपालनका क्षेत्रमा व्यवसायीक बन्न प्रोत्साहन गरिनेछ।गोठ,खोर तथा मलखाँद सुधार कार्यलाई प्राथमिकता दिई रसादीको उत्पादन गर्दै विषादी र रासायनिक मललाई क्रमशः न्यूनीकरण गर्दै लगिने छ।
- व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई निःशुल्क रुपमा पशुको लागि कृत्रिम गर्भाधान प्रक्रियालाई व्यवस्थित गर्दै निरन्तरता दिईने छ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरु मार्फत एकीकृत कार्यक्रम सञ्चालन गर्न गराउन जोड दिइनेछ ।
- ब्याबसायिक तथा स्वरोजगार हुन चाहने बिशेष गरी कृषि तथा पशु पन्छी ब्यबसायी तथा किसानहरुलाई स्थानीय सहकारीहरुबाट लिएको ऋणमा ऋण लिँदा तोकिएको उद्देश्य अनुसारको ब्यबसाय गर्ने शर्त सहित गाउँपालिका बाट स्वीकृत कार्यविधि अनुसार अधिकतम रु,१० लाख र सानो तथा मझौला कृषि तथा पशु पन्छी ब्यबसाय गर्न चाहने किसानलाई न्युनतम २ लाख सम्म ऋणमा ७०% सम्म ब्याज सहुलियत अनुदान आवश्यकता र औचित्यका आधारमा दिने नीतिलाई निरन्तरता दिईनेछ ।साथै स्वःलगानीमा कृषि तथा पशु ब्यबसाय गर्ने किसानलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषि उत्पादकत्वमा वृद्धि गरी कृषिमै आत्मनिर्भर हुनेगरी कृषिको उत्पादनमा दोब्बर बनाउने,उत्पादित कृषि सामाग्रीहरुको प्रशोधन र भण्डारण तथा बजारीकरणको सुनिश्चिता बनाउने लक्ष्यका साथ कृषिलाई आधुनिकीकरण र ब्याबसायीकरण गरिनेछ र अनुदान वितरण प्रक्रियामा संघ तथा प्रदेश सरकारसंगको नीतिलाई अनुसरण गरिनेछ ।
- गाउँपालिका भित्रका कृषि योग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ ।बाँझो बारीहरु अधिकतम उपयोग गर्ने, करार खेति, सहकारी खेतिलाई प्रोत्साहन गर्दै प्रांगारिक खेतिमा सहयोग पुर्‍याउन बिशेष कार्यक्रम संचालनमा ल्याउन शुरुवात गरिनेछ।
- गाउँपालिकाको कृषि शाखाबाट संचालन गरिने सम्पूर्ण कार्यक्रमहरु नियमानुसार कृषक समुह तथा कृषि सहकारी मार्फत संचालन गरिनेछ साथै व्यक्तिगत कृषि फर्महरुलाई पनि कार्यक्रमहरुमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्रका पशु पालन व्यवशायलाई वैज्ञानिकीकरण गरि पशुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन निःशुल्क खोप तथा औषधि वितरण कार्यक्रम, पशु बीमा अनुदान कार्यक्रम, आधुनिक मेसिनरी औजार वितरण कार्यक्रम, पशु स्वास्थ्य शिविर संचालन, मौसम अनुसारको घाँसको बिउ/बेर्ना वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रांगारिक कृषि प्रवर्दन कार्यक्रम अन्तर्गत भर्मी कम्पोस्ट वेड निर्माण गर्ने, भकारो सुधार गर्दै प्रांगारिक उत्पादन गर्ने किसानलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम गर्ने, आइएम कृषक पाठशाला संचालन तथा प्रांगारिक कृषि बजारको स्थापना गरिनेछ।
- कृषकको पहिचान तथा वर्गीकरण गरि कृषि पेशालाई थप व्यवस्थित बनाउन कृषि तथ्यांक संकलन गरि गाउँ कृषि प्रोफाइल तयार गरिनेछ।
- प्रस्तावनामा आधारित कृषि फर्म अनुदान कार्यक्रम संचालन गरिनेछ, वेमौसमी तरकारी खेति प्रवर्दन (टनेल निर्माण) कार्यक्रम संचालन गरिनेछ।

## "प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"

- गाउँपालिकामा उत्पादन भएका स्थानीय कृषिजन्य बस्तुहरुको प्रचार-प्रसार गरि बजारीकरणमा सहयोग गर्न गाउँपालिका स्तरीय कृषि मेला प्रदर्शनी संचालन गरिनेछ।
- आवश्यकताको अध्ययन गरि पुष्प खेति विस्तार कार्यक्रम, रैथाने बाली प्रवर्दन तथा विस्तार कार्यकम, वडा स्तरीय बालि शिविर संचालन गरिनेछ, कुरिलो खेति विस्तार कार्यक्रम, सल्लेमले डाँडा लगाएतका अन्य उच्च पर्यटकीय क्षेत्रहरुमा पर्यटन प्रवर्दन गर्न चिया बगैचा निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- कृषक दर्ता तथा सूचीकरण गरि किसान परिचय पत्र बितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि सम्बन्धी सूचनाहरू स्थानीय पत्रपत्रिका, रेडियो, सामाजिक संजाल, वडा स्तरमा विभिन्न स्थलमा सूचना पार्टी निर्माण गरि सूचना कृषकसम्म सहजै सम्प्रेषण हुने ब्यबस्था मिलाइनेछ।
- **हावापानी र माटो सुहाउँदो कृषि बालि छनौट गरी उपयूक्त बालि लगाउन माटोको गुणस्तर परीक्षण गरी कृषि चुन वितरणको व्यवस्था मिलाइनेछ ।**
- पशुको लागि गुणस्तरीय आहाराको व्यवस्थापन गर्नका लागि चरन विकास कार्यक्रम सञ्चालन गर्नुका साथै डाँले घाँस, भुँई घाँसको खेतीमा प्रोत्साहन गरिनेछ।
- कृषकको आयस्तर बृद्दि गर्न घाँसको बिउ विजन उत्पादन र बिक्री कार्यमा सहजीकरण गरिनेछ । किसानलाई घाँसका बिउ निशुल्क उपलब्ध गराइनेछ।
- **उत्कृष्ट किसानहरुलाई गाउँपालिका स्तरीय कार्यक्रम गरी सम्मान गरिनेछ ।**
- **रासायनि**क मलको ढुवानीमा अनुदानको व्यवस्था गरिने छ।
- **कम्पोष्ट मल बनाउने कृषकलाई कुल लागतमा ५० प्रतिशत अनुदान दिइ अर्गानिक खेतिलाई बढावा दिइनेछ ।**
- शित भण्डारण तथा कृषि उपज संकलन केन्द्र निर्माणमा लागि स्थान छनौट गरी निर्माण कार्यलाई अगाडि बढाइने छ ।
- **कोसेली घर निर्माण भैसकेका स्थानमा स्थानीय कृषि उपज बिक्रीवितरण गर्ने व्यवस्था मिलाइनेछ ।**
- गाउँपालिको उपयुक्त जलस्रोत भएको स्थानमा असला माछा संरक्षण तथा पालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।रैथाने जातका माछा तथा अन्य जलचर संरक्षण गर्न खोलामा विषादि हाल्ने र करेन्ट लगाइ माछा मार्ने कार्यलाई पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ । इन्द्रसरोवर तालमा माछा पालन कार्यक्रमलाई प्रर्वद्धन गरिनेछ।
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम पशु गर्भाधानलाई प्रोत्साहन गरिनेछ ।
- **समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गर्न बागमती प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।**
- पशुपंक्षीको उपचार र रोगहरूको रोकथामका लागि निःशुल्क औषधि वितरण र भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिनेछ।
- कुकुरको नियन्त्रणका लागि सबै वडामा नि:शुल्क बन्ध्याकरण तथा कुकुरको टोकाइबाट हुने रेबिज रोगबाट नागरिकलाई सुरक्षित राख्न रेबिज विरुद्धको खोप कार्यक्रम नि:शुल्क सञ्चालन गरिनेछ ।
- पशुमा देखापर्ने आकस्मिक रोग नियन्त्रणका लागि उचित बजेट तथा कार्यक्रम व्यव्थापन गरिनेछ ।

- गाई भैंसी पालक किसानलाई टेवा दिन पशु बीमा कार्यक्रम अन्तर्गत गाई भैंसीको बीमा गर्ने व्यवस्था मिलाइनेछ ।
- गाई भैंसी पालक किसानलाई टेवा दिन डेरीमा दुध बिक्री गर्ने कृषकलाई प्रति लिटर रु. ३ का दरले अनुदान दिने व्यवस्था मिलाइनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**ख) पर्यटन सँस्कृति प्रवर्द्धन सम्बन्धी नीति :**

- धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको पहिचान गरी संरक्षण, संबर्धन र प्रबर्द्दन कार्यमा जोड दिइनेछ ।
- गाउँपालिका स्तरीय पर्यटन प्रवर्धन समिति गठन गरिनेछ ।
- महभिर ठाडोखोला झरना, मार्खु, भेडाफार्म, नयाँ गाउँ भ्युटावर, सीमखोला, भालुखर्क,छ्योङछ्योङ झरना, पौराणिकपानीघाट कुवा देउराली,कलंकी,चौकीलेक,सुलिकोट, जातीपोखरी, ह्वाङह्वाङ दुलो, इन्द्रेणी झरना, आजादेश्वर मन्दिर, नारायणथान मन्दिर, काशिचौर, चौकोट देवी, डाँडीखेल, कालोथुम्की, च्युर्गन दह, शक्ति डाँडा, भालेश्वर महादेव, हाभेश्वर गुफा, छापडाँडा, चखेल देउराली, बिरुवाडाँडा लगायतका महत्वपूर्ण स्थललाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- महत्वपूर्ण पर्यटकीय स्थलकोरुपमा रहेको विरफाखेल मैत्री पार्कको निर्माण कार्यलाई तिब्रता दिई सम्पन्न गरिनेछ ।
- पर्यटन प्रवर्धनका लागि गाउँपालिकाको सीमाक्षेत्र तथा अन्य आवश्यक र उपयुक्त स्थानमा पर्यटकीय क्षेत्रको पहिचानका लागि सूचनामूलक र जानकारीमूलक होडिङ बोर्ड राख्ने व्यवस्था मिलाइनेछ ।
- पर्यटन पदमार्गको निर्माण गरि पालिकालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने नीति लिइनेछ ।
- इन्द्रसरोवर गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न राम्रा र आकर्षक स्थलहरुलाई समेटी गाउँपालिका स्तरीय डकुमेन्ट्री तयार पारी प्रचार प्रसार गरिनेछ ।
- 

**आदरणीय सभाध्यक्ष महोदय,**

**ग) उद्योग बाणिज्य तथा सहकारी सम्बन्धी नीति :**

- गाउँपालिका भित्रका सहकारीहरुको प्रभावकारी अनुगमन गरी राजश्वको दायराभित्र ल्याइनेछ।
- विज्ञ सहित सहकारीहरुको अनुगमन तथा वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ र उत्कृष्ट सहकारीहरुलाई सम्मान गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका स्तरीय सहकारी समन्वय समिति बनाई नियमित बैठक बसी मासिक कार्यसमिक्षा गरिनेछ।
- गाउँपालिकाभित्रका सहकारीहरुले मासिक रुपमा तोकिएको ढाँचामा गाउँपालिकामा विवरण बुझाउनु पर्ने व्यवस्था मिलाइने छ ।

- गाउँपालिका भित्र रहेका कृषि सहकारीहरुले शेयरधनी कृषक समूह बनाई निश्चित अनुपातको रकम कृषिमा अनिवार्य लगानी गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारीको क्षमता विकास गर्न कोपोमिक्स, लेखा, व्यवस्थापन तथा सहकारी शिक्षा सम्बन्धि तालिमहरुको व्यवस्था गरी **“शेयर धनिको सरोकार, स्वच्छ र पारदर्शी आर्थिक कारोबार”** नारालाई सार्थकता प्रदान गरिनेछ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई उनीहरुको सीप, ज्ञान तथा क्षमताको उपयोग गरी उद्यम तथा सहकारी फार्म (खेती) सञ्चालन गरी “बिदेशको सीप, स्वदेशी उत्पादनका लागि ठिक” अन्तर्गत सीप अनुसार परियोजना बनाउन, सहकारीबाट ऋण लिन सहजीकरण गर्ने तथा यन्त्र उपकरण खरिद गर्न सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाबाट संचालन गरिने स्वरोजगारमूलक तथा सिपमूलक, क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धीत सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्यमा गरी संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न, युवा परिषद तथा निजि क्षेत्र समेतको सहभागितामा लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट लाभग्राहीलाई हस्तान्तरण गरिएका औजार, मेशिन तथा सामग्रीको अधिकतम प्रयोग गरी आय आर्जनमा लाग्न प्रेरित गरिनेछ । त्यस्ता सामग्रीको दुरुपयोग रोक्न गाउँपालिकाले मापदण्ड बनाई नियमन गर्नेछ ।
- **बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको व्यवस्था गरिनेछ । परम्परागत तथा बैदेशिक रोजगारबाट प्राप्त सीप परीक्षण गर्ने व्यवस्था मिलाई प्रमाणपत्र  प्रदान गरिनेछ र प्रमाण पत्रका आधारमा रोजगारीका लागि बन्दोबस्त गरिनेछ ।**
- **दलित समुदायको परम्परागत सीप कला र पेशालाई संरक्षण, संम्वर्धन र आधुनिकीकरण गरी व्यवसायिक बनाउन र रोजगारीको अवसर विस्तार गर्न उत्थान तथा विकास कार्यक्रम संचालन गरिनेछ साथै सीप विकास र बजार प्रवद्र्धनमा अनुदान दिइनेछ ।**
- परम्परागत रुपमा प्रचलनमा रहेका हाल लोपोन्मुख हुँदै गरेको पानीघट्टको संरक्षण गर्न बिशेष पहल गरिनेछ ।
- ग्रामिण गरिबी न्युनीकरणका लागि विभिन्न स्वरोजगारमूलक र आयआर्जनका कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।
- वाणिज्य क्षेत्रलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाई उपभोक्ताको हित अभिवृद्धिका लागि बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- निजी लगानीका होटल व्यावसाय र उद्योग स्थापनाको लागि स्वदेशी लगानी आकर्षित गरिनेछ ।
- सहकारीलाई बचत संकलन, पूँजी निर्माण, रोजगारी सृजना, उत्पादन र उत्पादकत्व वृद्धिसँग आवद्ध गरी सहकारीलाई आर्थिक विकासको महत्वपूर्ण क्षेत्रमा क्रियाशील सहकारी मध्ये पूर्वनिर्धारित मापदण्डका आधारमा उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गरिनेछ ।

- सहकारी संस्थाको दर्ता, अभिलेखीकरण, नियमन लगायतका कार्यहरुलाई सहज र व्यवस्थित गरिनेछ साथै सहकारी संस्थाको क्षमता विकासका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिम संचालन गरिनेछ ।
- विकासमा सबै क्षेत्रलाई सहभागि गराई विकासको कार्यलाई तिव्रता दिन सहकारी, निजी र सरकारी तिनै निकाय मार्फत विकासको अभियान संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालन भएका गैरसरकारी संघसंस्था, सहकारी संस्थाहरुको तथ्याङ्कहरु अध्यावधिक गर्दै लगिनेछ ।
- गाउँपालिका भन्दा बाहिरका शहर र विदेशबाट गाउँमा आएर बसेका समुदायहरुलाई लक्षित गरेर रोजगारीका अवसरहरु सृजना गरी स्वआर्जन तथा स्वरोजगार भई आर्थिक समृध्दि हुने कार्यक्रमलाई विशेष जोड दिइने छ।यसको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत बिशेष किसिमले कार्यान्वयनमा लान अध्यक्ष रोजगार कार्यक्रमसँग आबद्ध गरिनेछ ।
- आधुनिक प्रविधिको प्रयोग गरी साना,लिफ्ट तथा भूमिगत सिँचाई आयोजनाहरुको निर्माण तथा खानेपानी तथा सिंचाई व्यवस्थाको लागि लिफ्टिङ्ग तथा सिंचाईका नवीनतम उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पूरा गर्ने कार्यहरुलाई जोड दिईनेछ ।
- **<u>'स्थानीयलाई रोजगार, सुखी सम्पन्न घर परिवार'</u>** भन्ने नारालाई आत्मसात गर्दै अध्यक्ष रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइ स्थानीय स्तरमै रोजगारी श्रृजना गरिनेछ ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

**<u>सामाजिक बिकास सम्बन्धी नीति :</u>**

**क) शिक्षा सम्बन्धि नीतिः**

- **<u>गाउँपालिकाको ५ बर्षे शिक्षा योजना तर्जुमा भैसकेकोले सो को कार्यान्वयन गरिनेछ ।</u>**
- प्रधानाध्यापक नियुक्ति सम्बन्धि मापदण्ड तयार गरि प्रधानाध्यापक नियुक्ति गरि प्रत्येक विद्यालयका प्रधानाध्यापक संग व्यवस्थापन कार्यसम्पादन सम्झौता गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ तथा प्र.अ र विव्यस अध्यक्षहरुलाई विद्यालय व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था गरि शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- **<u>सबै तहको विद्यालय समेटिने गरी गाउँपालिका स्तरीय विज्ञान र गणित प्रदर्शनी कार्यक्रम र अन्य थप अतिरिक्त क्रियाकलापहरु आयोजना गरि विद्यार्थी प्रतिभा पहिचान गरिनेछ</u>** ।
- विद्यालयहरुको बार्षिक परीक्षा संचालन र सिकाई उपलब्धि परीक्षण तथा विश्लेषणका कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
- विद्यालय बस सञ्चालनका लागि दिइने अनुदानलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुलाई इन्टरनेटको व्यवस्थापनको लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका माध्यमिक विद्यालय र आधारभूत विद्यालयहरुमा विद्यार्थी अनुसार दरबन्दीको लेखाजोखा गरी दरबन्दी मिलान गरिनेछ ।
- शिक्षालाई आधुनिकीकरण गर्न आवश्यकता अनुसार शिक्षकहरुलाई तालिम, गोष्ठी, प्रशिक्षण तथा शैक्षिक अबलोकन भ्रमणको व्यवस्था गरी शिक्षक अभिभावक र विद्यार्थीको त्रिकोणात्मक शैक्षिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- **<u>आधारभूत शिक्षालाई अनिवार्य गरिनेछ तथा विद्यालय छाड्ने प्रवित्तिलाई निरुत्साहित गर्न अभिभावकसँग निरन्तर अन्तरक्रिया र सहकार्य गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ</u> ।**
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अन्य विद्यालयका असल अभ्यास अनुसरण गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक र पालिकाका कर्मचारीको संयुक्त अवलोकन भ्रमण आयोजना गरिनेछ ।
- प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई **दिवा** खाजा तयारी गर्न सहयोगीको व्यवस्थापन सहित दाता/अभिभावकहरुसंगको साझेदारीमा **खाजाको व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।**
- स्थानीय आवश्यकता, ऐतिहासिकता तथा सम्भावनाहरुमा आधारित बिषयवस्तुहरु समेटिएर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेको निर्धारित पाठ्यभार पूरा गर्न स्थानीय पाठ्यक्रम निर्माण भैसकेको सन्दर्भमा कक्षा १-८ सम्म स्थानीय पाठ्यपुस्तक निर्माण तथा बिकास गरी सबै कक्षाका लागि पाठ्यपुस्तक छपाई गरी समयमै विद्यालयमा उपलब्ध गराई लागू गरिनेछ ।
- बालबालिकाहरुको शारीरिक,मानसिक,तथा बौद्धिक सम्बेगात्मक बिकासका लागि बालमैत्री कक्षाकोठा निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- विद्यार्थी संख्या न्यून रहेका विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण पद्धति लागु गरिनेछ।
- प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था साथै प्रारम्भिक बालविकास केन्द्रहरुलाई आवश्यक साधन स्रोत सम्पन्न बनाइ मन्टेश्वरी केन्द्रको रुपमा विकास गरिनेछ।
- गाउँपालिकाबाट विगतका वर्षहरुमा प्रदान गर्दै आइरहेको बिद्यालय स्वयम् सेवक शिक्षक अनुदानलाई प्रत्येक विद्यालयको अनुगमन, विश्लेषण तथा बिद्यार्थी शिक्षक संख्याको अनुपातमा आवश्यकताको आधारमा मूल्यांकन गरी पठनपाठन व्यवस्थापन गर्न **<u>“जहाँ विद्यार्थी, त्यहाँ विषयगत शिक्षक”</u>** भन्ने मूल नाराका साथ निरन्तरता दिएइने छ ।
- विद्यार्थीहरुलाई गाउँपालिकामा नै कक्षा ११ र १२ मा प्राविधिक र साधारण धार तर्फ अध्ययन अध्यापन गर्ने व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।
- विद्यालयमा शिक्षक नियमिततालाई अनुगमन, निरीक्षण, हाजीर तथा विद्युतीय हाजिरीद्धारा प्रभावकारी बनाइनेछ ।अनुगमन प्रतिवेदनका आधारमा नियम विपरित क्रियाकलाप गरेको पाइएमा कानून बमोजिमको कारबाही प्रक्रीया अगाडि बढाइनेछ ।

- उच्च शिक्षामा प्राबिधिक विषय तथा विज्ञान, गणित र अंग्रेजी विषय अध्ययनका लागि विपन्न, जेहेन्दार विद्यार्थीलाई गाउँपालिकाको मापदण्ड बमोजिम छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- गाउँपालिका भित्रको विद्यालय, स्वास्थ्य संस्थाले ओगटेको जग्गा सम्बन्धित संस्थाको नाममा ल्याईनेछ।
- "सबै बालविकास केन्द्रहरुको सुधार, गुणस्तरीय शिक्षाको सपना हुन्छ साकार" भन्ने ध्येयका साथ बालबिकास केन्द्रलाई अझ प्रभावकारी र नतिजामुखी बनाउन विशेष योजना सहित आवश्यक सुधार गरिनेछ ।
- बिद्यालयहरुको कार्य सम्पादन परीक्षण, बिद्यार्थी सिकाई उपलब्धि परीक्षण र अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारीरुपमा अगाडि बढाईनेछ ।
- **सिकाई उपलब्धि र कार्यसम्पादनमा उत्कृष्ट शिक्षक, बिद्यालय, अभिभावक, बिद्यार्थी र बिद्यालय व्यवस्थापन समितिहरुलाई प्रोत्साहन तथा पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ ।**
- विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको व्यवस्था मिलाईनेछ। अनुगमन तथा सुपरीवेक्षण अवस्था अनुसार स्थलगत तथा विद्युतीय माध्यमवाट गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।
- **सवै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसँग आवद्धता गरिनेछ ।**
- **कक्षा ५ र ८ मा वार्षिक परीक्षा पश्चात निष्पक्ष ढंगले वडा स्तरीय र गाउँपालिका स्तरीय सिकाइ उपलब्धि परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।**
- करार शिक्षक तथा कर्मचारीको नियुक्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्प्रर्धात्मक रुपमा सञ्चालन गरिनेछ । माध्यमिक विद्यालयहरुमा शिक्षक नियुक्ति गर्दा विषयगत रुपमा अंग्रेजी ,गणित र विज्ञान विषयलाई प्राथमिकतामा राखि नियुक्ति गरिनेछ ।
- **सबै विद्यालयहरुमा विद्युतीय हाजीरीको अनिवार्य व्यवस्था गरिनेछ ।**
- हरेक शुक्रबार विद्यालयले विद्यार्थीका लागि अनिवार्य अतिरिक्त क्रियाकलापहरु गर्नुपर्ने छ र शैक्षिक सत्रको अन्त्यमा विद्यालय विद्यालय बिच अतिरिक्त क्रियाकलापको प्रतिस्पर्धा गराई विद्यालय र विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।
- **विद्यालयको वातावरण स्वच्छ राख्न थप माद्यमिक विद्यालयमा सेनेटरी प्याड डिस्पोजल मेशिनको व्यवस्थापनलाई पूर्णता दिइनेछ ।**

**आदरणीय सभाध्यक्ष महोदय,**

**खेलकुद सम्बन्धि नीति**

- गाउँपालिकाको समग्र खेलकुदको विकास र विस्तारलाई जोड दिइनेछ । उक्त अभियानको लागि खेलकुद सम्बन्धि भौतिक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।
- गाउँपालिका स्तरीय **"गाउँपालिका अध्यक्ष कप फुटबल "** प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- **विद्यालयमा खेलकुदलाइ प्रबर्धन गर्न पर्याप्त मात्रामा खेलकुदका सामाग्रीहरु व्यवस्था गरिनेछ बालबालिकाहरुको खेल प्रतिभा पहिचानका कार्यक्रम गरिनेछ ।**
- रास्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाइ निरन्तरता दिइनेछ ।

- **गाउँपालिका स्तरीय खेलकुद ऐन गाउँसभाबाट पारित गराई कार्यावन्वयन गरिनेछ ।**
- युवा तथा खेलकुद विकास कार्यविधि निर्माण गरि कार्यान्वियन गरिनेछ।
- पालिका स्तरीय कभर्ड हल निर्माणको लागि संघ र प्रदेशमा पहल गरिने छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**ख) स्वास्थ्य सम्बन्धी नीतिः**

- गाउँपालिका स्तरीय आधारभुत अस्पताल निर्माण गर्नका लागि जग्गा व्यवस्थापन गरि पाँच शैयाको अस्पाताल निर्माण गर्न पहलकदमी गरिनेछ।
- **हालसालै सञ्चालनमा आएको ग्रामीण आँखा केन्द्रको स्तरोन्नति गर्दै आँखा सेवालाई ग्रामीण भेगमा सेवाको पहुँच पुऱ्याइनेछ ।**
- **"उपाध्यक्षसंग पोषण कार्यक्रम"** पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था सुधार गर्ने अन्तर्गत **स्वस्थ आमा तथा बच्चा प्रतियोगिता र पोषणयुक्त खानेकुरा सहित सुत्केरी भेटघाट कार्यक्रम** संचालन गरिनेछ । कुपोषणलाई अन्त्य गर्न विशेष कार्यक्रम संचालन सहित गर्भवती महिलाहरुको भिडियो एक्सरे तथा स्वास्थ्य परीक्षण शिविरलाई अत्याधुनिक प्रविधि सहित प्रत्येक वडामा संचालनको साथै प्रजनन उमेरका महिलाहरुको लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार कार्य गर्न आवश्यक सहयोग गरिनेछ । साथै वडा न. ३ र ४ मा संचालित ल्याब, भिडियो एक्सरे तथा स्वास्थ्य जाँच कार्यक्रमलाई निरन्तरता दिईने छ । महिला तथा बालबालिका शिक्षा, स्वास्थ्य, क्षमता बिकास, किशोर-किशोरी शिक्षा, सबैसंग सबै किसिमको हिंसा विरुद्धको सचेतना कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- **वडा नम्बर ३ मा भौगोलिक अवस्थाका कारण उपचारमा कठिनाई भएकोले रामचन्द्र भञ्याङमा प्रदेश सरकारसँगको सहकार्यमा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा ल्याई स्वास्थ्य सेवामा पहुँच पुऱ्यानेछ।**
- **चन्द्रगढी सामाजिक स्वास्थ्य इकाइलाई स्वास्थ्य चौकीको रुपमा स्तरोन्नतिका लागि पहल गरिनेछ ।**
- सामान्य भन्दा सामान्य उपचार समेत नपाएर घरमै वा समुदायमै मृत्युसँग जुधिरहेका, स्वास्थ्य संस्था सम्म पनि आउँन नसक्ने महिला, अपाङ्ग, असहाय, उमेरले पाका, एकल महिला, परिवार तथा समाजबाट अपहेलित विशेषगरी दीर्घ रोगीहरु लाई (Palliative Care) वडा, टोलमा गएर/बुझेर उपचार गर्न स्वास्थ्यकर्मीको व्यवस्थालाई निरन्तरता दिंदै यस सम्बन्धि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरसँगको सहकार्य यथावत रहनेछ ।
- संघीय सरकारको राष्ट्रिय नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी तथा नतिजामुखी बनाउनको लागि इन्द्रसरोवर गाउँपालिकाभित्रका सबै दलित घरपरिवारलाई नि:शुल्क स्वास्थ्य बीमा गरी स्वास्थ्य उपचारमा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।
- मातृ तथा बाल मृत्युदर कम गर्नुका साथै गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने तथा पूर्ण खोपको अवस्थालाई दिगो रुपमा कायम गरिनेछ । बिद्यालय स्तरमा स्वास्थ्य सेवाको पहुच

इन्द्रसरोवर गाउँपालिका

पुर्याउन विद्यालय स्वास्थ्य जाँच कार्यक्रम तथा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझै प्रभावकारी बनाइनेछ ।

- **<u>विद्यालय नर्स मार्फत विद्यालयमा विद्यालय स्वास्थ्य सचेतना कार्यक्रम थप प्रभावकारी बनाइनेछ ।</u>**
- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत गर्भवति महिलालाई कम्तिमा ४ पटक र सुत्केरी महिला र नवशिशुलाई कम्तिमा ३ पटक स्वास्थ्य परीक्षण गर्न थप प्याकेजको कार्यक्रम ल्याइने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्यामा वृद्धि गरि शुन्य होम डेलिभेरी गराउन निःशुल्क एम्बुलेन्स लगाएतका विशेष कार्यक्रम ल्याइने छ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यको उच्च मूल्यांकन गर्दै आफ्नो जिम्मेवारी प्रति थप क्रियाशील भैरहनका लागि उत्प्रेरित बनाउन बैठक खाजा खर्च र यातायात खर्च दिईनेछ। प्रत्येक वर्ष म. स्वा.स्वयं सेविका दिवश मनाउने क्रममा ५ वटै वडाबाट १/१ जना उत्कृष्ट म.स्वा.से. छनौट गरि उचित पुरस्कारको व्यवस्था गरिनेछ ।साथै ६० वर्ष उमेर पुगेका र १० वर्ष भन्दा वढी सेवा गरि अवकाश लिनुहुने म.स्वा.से.हरुलाई नेपाल सरकारले दिएको रकममा थप व्यवस्था गरि सम्मानजनक बिदाइ गरिनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकाबाट प्रदान गरिदै आएको सेवालाई गुणस्तरीय बनाउनका लागि थप रिफ्रेसर (पुनर्ताजकीय) तालिमको व्यवस्था गरिनेछ ।
- **<u>वडा नं. ५ स्थित चन्द्रगढी आधारभूत स्वास्थ्य केन्द्रमा आवश्यक पूर्वाधार थप गर्दै स्वास्थ्य सेवा स्तरोन्नति गरिनेछ साथै यथाशिघ्र वर्थिङ सेवा शुरु गरिनेछ ।</u>**
- **<u>बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुलाई रात्रीकालीन सेवादिएबापत कार्यविधि बनाई मौद्रिक सेवा सुविधा थप गर्ने व्यवस्था मिलाइनेछ ।</u>**
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- नियमित तथा आकस्मिक रोग विरुद्धको खोपलाई स्वास्थ्य कार्यालयबाट ल्याउने र पालिकाबाट खोप केन्द्रहरु सम्म पुऱ्याउनका लागि खोप कार्यकर्ता, स्वयं सेवक, ढुवानी तथा सुपरीवेक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्था संचालनका लागि प्रदान गरिदै आएको संचालन अनुदानलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य चौकीबाट प्रदान गरिदै आएको सेवालाई न्यूनतम सेवा मापदण्डमा पुऱ्याउन औषधि तथा उपकरणहरुको थप व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाबाट संचालित नियमित सेवालाई पालिकाद्वारा अनुगमन समिति बनाइ नियमित अनुगमन गरिनेछ ।
- **<u>पालिकाको स्वास्थ्यकर्मीलाई ग्रामीण अल्ट्रासाउण्ड तालिम प्रदान गरी गर्भवती महिलाको गर्भ परीक्षण तथा जाँच गर्नका ग्रामीण अल्ट्रासाउण्ड खरिद गरी स्वास्थ्य सेवामा थप विस्तार गर्दै पहुँच अभिवृद्धि गरिनेछ ।</u>**
- स्थानीय सरकारले गुणस्तरीय स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई सेवामा सबै गाउँपालिका बासिको समतामूलक पँहुच हुनेगरी कार्यक्रम संचालन गर्ने छ । पालिका भित्रका स्वास्थ चौकीहरुलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- सक्षम एवंम जवाफदेही समन्वय,अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनुनिश्चित गरिनेछ ।

- गर्भवती महिलालाई निःशुल्क क्याल्सियम र फोलिक एसिड वितरण गरिनेछ।
- विपद् व्यवस्थापन कोषमा पर्याप्त मात्रामा रकम विनियोजन गरिनेछ ।
- **<u>"सबैको ध्यान,जेष्ठ नागरिकको सम्मान"</u>** भन्ने मूल नाराका साथ संचालन गर्दै आएको ७० वर्ष भन्दा माथिका सबै जेष्ठ नागरिक सरकारी सुविधा लिएका समेतलाई स्वास्थ्य परीक्षण र सम्मान कार्यक्रमलाई निरन्तरता दिदै ६० वर्ष पुरा दलित र एकल महिला तथा पूर्ण तथा "ख" **बर्गको** अपाङ्गता भएकाहरु सबैलाई यस कार्यक्रममा सहभागी गराईनेछ।
- गाउँ घर क्लिनिक तथा खोप केन्द्रलाई ब्यबस्थित गर्न हरेक वडाको गाउँवस्तीहरुमा आवश्यकता अनुसार खोप केन्द्र तथा स्वास्थ्य ईकाई केन्द्र निर्माण गरिनेछ साथै आवश्यकता अनुसार स्वास्थ्य चौकी निर्माण र मर्मत सम्भार गरी प्रयोगमैत्री बनाइनेछ।
- विशेषज्ञ सेवा प्राप्त स्वास्थ्य संस्था सँग समन्वय गरेर स्वास्थ्य शिबिर तथा स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई निरन्तर संचालन गरी हरेक उमेर समूहका जनसमुदाय सम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याइनेछ ।
- नयाँ तथा पुराना स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति सहित उपकरणहरुको थप प्रभावकारी व्यवस्थापन गरिनेछ ।
- नागरिक आरोग्य सेवा केन्द्रको सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- डायलाइसिस गर्ने मृगौला रोगी , किमो चलाउने क्यान्सर रोगी, स्पाएनल कर्ड इन्जुरी लगायतका कडा रोगका रोगीलाई संघीय सरकारबाट प्रदान गरिने मासिक रू.५००० को दरको आर्थिक सहयोग अनुदानमा सबैको पहुँच पुऱ्याइनेछ ।
- विद्यालयहरुमा सेनेटरी प्याड नि:शुल्क वितरण गरिने कार्यक्रमलाई निरन्तरता गरिनेछ।
- विद्यालयमा प्राथमिक उपचारलाई थप व्यवस्थित बनाउन आधारभूत सामग्रीको व्यवस्थापन गरिनेछ ।

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

**ग) महिला बालबालिका तथा समावेशीकरण सम्बन्धी नीतिः**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, दलित एवं बाल विकासका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- **<u>लैङ्गिक विभेद, घरेलु हिंसा, जातीय विभेद लगायतका अन्य अपराधजन्य र अमानवीय क्रियाकलापलाई न्यूनीकरण गर्न आचारसंहिता तयार गरी सार्बजनिक स्थलमा प्रचार प्रसार तथा टाँस गर्ने व्यवस्था मिलाइनेछ ।</u>**
- अनौपचारिक क्षेत्रमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सम्बन्धित श्रमिक र रोजगारदाता बीच समन्वय गराई सामाजिक सुरक्षा कोषमा निश्चित रकम योगदान गराई आबद्धता गराइनेछ ।
- **<u>सार्वजनिक निजी साझेदारी नीतिलाई अवलम्बन गर्दै गाउँपालिका क्षेत्र भित्रका महिलाहरुलाई उद्यमशीलताका माध्यमबाट उद्यमी बनाउने अभिप्रायले महिला उद्यमशीलता कार्यक्रमहरु सञ्चालन गरिनेछ।साथै उत्कृष्ट उद्यमी महिलालाई सम्मान गर्न उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ ।</u>**

- महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण, विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलता नीति अवलम्बन गर्नुका साथै हिंसा पिडितको न्यायमा पहुँच स्थापनाका लागि सञ्चालित लैङ्गिक हिंसा निवारण कोष तथा बाल संरक्षण कोषमा थप रकमको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र अपाङ्गमैत्री, विपन्न न्युनीकरण, सीमान्तकृत, दलित तथा आदिवासी जनजाती उत्थान कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- सामाजमा विद्यमान रहेका खराब अभ्यासहरु, कुरितीहरु र कुसंस्कृती जस्तै बालविवाह, बहुविवाहको न्युनीकरण गर्दै बालहिंसा, लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन विभिन्न सचेतना मुलक कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।
- गाउँपालिकाको बार्षिक कार्यक्रम बनाउँदा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृया अवलम्बन गर्ने नीति लिइने छ ।
- लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्न सम्बन्धित संस्थाहरुसँग समन्वय गरी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मुल को लागि न्यूनीकरण गर्ने कार्यक्रमहरु संचालन गरी समुदायमा सचेतनामूलक अभियानहरु संचालन गरिनेछ ।
- **अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागि व्यवसायिक सीप विकास तालिम प्रदान गर्नुका साथै समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **शारीरिकरुपमा अशक्त अपाङ्ग नागरिकहरुको संरक्षण तथा कानुनता प्राप्त अधिकार सुनिश्चितताको लागि आवश्यक सबै प्रक्रिया पुरा गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईनेछ साथै फरक क्षमता भएका बालबालिका तथा नागरिकहरुको उचित संरक्षणको लागि आवश्यक व्यबस्थाको सुरुवात गरिनेछ र सहयोग सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।**
- भूमिहीन, अव्यवस्थित बसोबास र सुकुम्बासीलाई व्यवस्थीत गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।
- बालश्रम न्यूनीकरण गर्न बालश्रम विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

### घ) खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः

- खानेपानी नपुगेका सबै घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याई "एक घर एक धारा" कार्यक्रमलाई कार्यान्वयन गरिनेछ साथै एक घर एक धाराको पहुँच पुगेको घरमा आवश्यकताका आधारमा खानेपानी मीटर जडान गरी व्यवस्थित गर्ने कार्य गरिनेछ ।
- **यस गाउँपालिका भित्र सञ्चालनमा रहेका लिफ्टिङ्ग खानेपानी आयोजनाका लागि विद्युत महशुलमा ५० % अनुदान प्रदान गरिनेछ ।**

**"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"**

- गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुंगा गिट्टी बालुवाको वातावरण प्रभाव मुल्याङ्कन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र विक्री वितरणलाई व्यवस्थित र प्रभावकारी जलस्रोतको संरक्षणलाई प्रभावकारी बनाईनेछ ।
- वातावरणमैत्री गाउँपालिका निर्माणका लागि फोहोरमैला व्यवस्थापन गर्न डंम्पीङ साइड निर्माण कार्य अगाडी बढाइनेछ । साथै सार्वजनिक, निजी, साझेदारीमा सार्वजनिक स्थल सरसफाई, बाटो सरसफाई, प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्युनीकरण तथा निषेध गर्न सहकार्य, समन्वय र पारस्पारिक सहयोगका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- खानेपानीका मुहान दर्ता सम्बन्धि कार्यविधि अनुरुप खानेपानी मुहान दर्तालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- खानेपानी मुहान संरक्षण गर्न मुहान वरीपरी वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।
- टोल विकास संस्था, गैर सरकारी संस्था एवं सामाजिक संस्थाहरुको साझेदारिमा फोहोर संकलन गर्ने र त्यसको उचित व्यवस्थापनको लागि डस्विन, सेफ्टि ट्याङ्की, डम्पिङ साईडको निर्माण गरी गाउँपालिकालाई सफा इन्द्रसरोवर घोषणा गर्नेतर्फ अभियान अगाडी बढाइने छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**भौतिक पूर्वाधार बिकास तर्फः-**

- **गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजना र निर्माणाधीन योजनालाई प्राथमिकतामा राखि कार्यान्वयमा ल्याइनेछ । गाउँपालिकाको प्रशासकीय भवन निर्माणलाई पूर्णता दिइ आधुनिक सुविधा सम्पन्न भवनबाट गाउँकार्यपालिकाको सेवा प्रदान गरिनेछ साथै विर फाखेल मैत्रीपार्क निर्माणलाई पूर्णता प्रदान गरिनेछ ।**
- यस आ.व. देखि अति आवश्यक बाहेक नयाँ सडक निर्माणलाई निरुत्साहित गरिनेछ।ग्रामीण सडकको चौडाई नालि(Side Drain) बाहेक कम्तिमा भूगोलको आधारमा कम्तिमा ४ देखि ६ मिटरको हुन पर्ने नीति को अवलम्वन गरिनेछ ।कम्तिमा एक वडामा एउटा ग्रामीण सडकलाई प्राथमिकतामा राखि ४ वर्ष भित्रमा नालि सहित पक्कि सडक निर्माण गरिनेछ।
- रोजगारी सिर्जना हुने र मेसिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट गरिनेछ र ठूला र मेसिनरी औजार प्रयोग हुने आयोजनाहरु बोलपत्र मार्फत कार्यान्वयनमा ल्याइनेछ।
- **गुणस्तरीय निर्माण कार्य गराउन निर्माण कार्यको गुणस्तर परीक्षण गर्न आवश्यक ल्याब सामग्रीको व्यवस्थापन गरिनेछ ।**
- **कृषि उत्पादनको बजारीकरण गर्न गाउँपालिका भित्रका ग्रामीण कृषि सडकहरु निर्माण तथा स्तरोन्नतिमा विशेष जोड दिइनुका साथै त्यस्ता सडकमा स्ल्याब ढलान, पक्की नाली (ड्रेन) र ग्राभेल गर्ने कार्यका लागि बिशेष प्राथमिकता दिइनेछ।**
- **गाउँपालिका भित्रका विकास निर्माण कार्यलाई प्रभावकारी रुपमा अनुगमन गर्न High Capacity को ड्रोन क्यामेराको प्रयोग गरी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।**

- निर्माण कार्यको गुणस्तरीयता कायम राख्नका लागि ठेक्का वा उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुमा प्रयोग गरिने निर्माण सामग्रीको गुणस्तर परीक्षणका लागि ल्याव परीक्षण गर्न आवश्यक न्यूनतम उपकरण खरिद गरि गुणस्तरीय निर्माण कार्यलाई चुस्त बनाइनेछ ।
- <u>**निर्माण सम्झौता गरि निर्माण कार्यमा आलटाल गर्ने र योजना अधुरो छाड्ने कार्यलाई निरुत्साहित गर्न त्यस्ता निर्माणको कार्यदिश पाएका कन्सट्रक्शन कम्पनी वा फर्मलाई कानून बमोजिमको कारबाही प्रक्रीया अगाडि बढाइनेछ**</u> ।
- गाउँपालिकाका केहि विशेष स्थानहरुमा जहाँ विद्युतीकरण गर्न कठीन/ असम्भव छ सो स्थानहरुमा सर्भे गरी आवश्यकता अनुसार सौर्य उर्जा कार्यक्रम मार्फत सोलार प्यानल र बत्ति जडान गरी प्रयोगमा ल्याईनेछ ।
- <u>**भौतिक संरचनाहरु दिगो, अपाङ्गमैत्री र बालमैत्री बनाइनेछ ।**</u>
- गाउँपालिकाको आवश्यकता अनुरुप यातायात गुरुयोजना तयार गरी सो अनुरुप मात्र यातायातको पूर्वाधार निर्माण गरिनेछ ।सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्यिन गरिनेछ ।
- गाउँपालिका भित्रका ग्रामीण कृषि सडकहरु तथा राजमार्गका सडकहरु प्राकृतिक प्रकोपका कारण अवरुद्ध भैरहने हुनाले सो को निराकरणका लागि वर्ष भरीनै सञ्चालन योग्य बनाइराख्न नियमित वा आवश्यकता अनुसार मर्मत सम्भार गर्नको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्बनमा ध्यान दिईनेछ।गाउँपालिकामा बन्ने पक्की घर नक्सा पास गरी मापदण्ड अनुरुपको निर्माणमा जोड दिईनेछ र यस अघि निर्माण गरिएका घरहरुको अभिलेख व्यवस्थित गर्न घरनक्शा अभिलेखीकरणलाई अनिवार्य गरिनेछ।
- भवन निर्माण संहितालाई कडाईका साथ कार्यान्वियन गरी सबै खाले घर टहरा निर्माण कार्यलाई नियमन गरी नक्सापासको दायरामा ल्याइनेछ।
- भवन निर्माण संहिता लागि हुनुपूर्व निर्माण भईसकेका भवनहरुको हकमा प्रमाणीकरण तथा अभिलेखिकरणको लागि अधिकतम ६ महिनाको समयावधि तोकिने छ ।
- उचित स्थानको पहिचान गरी सार्वजनिक शौचालय निर्माण गरी यसको व्यवस्थापन र संरक्षण गर्ने जिम्मेवारी समुदायमा हस्तान्तरण गरिनेछ।
- इन्द्रसरोवर गाउँपालिका भित्र झोलुंगे पुलको गुरुयोजना तथा डी.पि.आर.तयार भैसकेकाको हकमा आवश्यक बजेट व्यवस्थापनको लागि संघ र प्रदेश सरकारसंग अनुरोध गरिनेछ।
- गाउँपालिका भित्रका एक वडा देखि अर्को वडा र अर्को पालिका जोड्ने साथै वडा भित्रैका झोलुङ्गेपुल, पुल तथा कृषि पर्यटनले महत्व राखेका सडकहरुको डीपीआर तथा <u>**वातावरणीय प्रभाव मूल्याङ्कन कार्यलाई**</u> निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको साँस्कृतिक सम्पदाहरुको सर्भेक्षण गरी महत्वपूर्ण सम्पदा स्थलहरुको सम्पदा संरक्षण गरिनेछ।
- प्रत्येक वडामा टोल विकास संस्था गठन तथा पुनर्गठन गर्ने तथा त्यसलाई सक्रीय बनाउने साथै योजना कार्यान्वयन टोल विकास मार्फत नै गर्ने गराउनेछ ।
- उपभोक्ता समितिलाई योजना कार्यान्वयन सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम गरिनेछ ।
- योजना सम्बन्धि सफ्टवेयरको प्रयोग गरी योजना सञ्चालन कार्यमा सहज, सरल र प्रविधीमैत्री बनाइनेछ।

- वडा स्तरीय योजना शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ।
- विद्युतीकरणमा रहेको काठको पोल विस्थापित गर्दै फलामे पोलको व्यवस्था गरिनेछ।

**बन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिः**

- **प्राकृतिक विपद्ले निम्त्याएका जोखिमलाई न्यूनीकरण गर्नका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रीय तुल्याई थप व्यवस्थित गरिनेछ ।**
- इन्द्रसरोवर सब-बन डिभिजन कार्यालय सिम्लाङ संगको सहकार्यमा नर्सरी बिरुवा उत्पादनलाई बिशेष जोड दिईने छ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ। जैविक विविधताको संरक्षण गरिनेछ । स्थानीय वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सार्वजनिक खालि वन नजिकको जग्गामा वातावरणीय प्रभाव मूल्याङ्कनबाट प्राप्त भएका र हुने सुझावलाई कार्यान्वयन गर्न वनकार्यालयसँग समन्वय र सहकार्य गर्दै भूगोल सुहाउँदो वृक्षारोपण गरिनेछ ।
- गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा आयोजना संचालन गर्दा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
- आफ्नो वरपरको सरसफाई आफै गर्ने अभियान संचालन पर्वद्धन गरी गाउँपालिकालाई सफा सुन्दर र वातावरणमैत्री गाउँपालिका बनाउने नीति अवलम्बन गरिने ।
- गाउँपालिका भित्रका बजार क्षेत्र तथा बजार उन्मुख टोल बस्तीहरुका सडकहरुमा वैकल्पिक उर्जा मार्फत उज्यालो सडक कार्यक्रम तर्जुमा एवं कार्यान्वयनलाई निरन्तरता दिने ।
- गाउँपालिका भित्र नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस/ विद्युतीय चुल्हो/ सुधारएको चुल्हो/ सौर्य उर्जा) को व्यवस्था गरिनेछ ।
- पालिकाभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपत्तिमा तुरुन्त राहत कार्य कर्यान्वयनमा ल्याउन स्थानीय विपद् व्यवस्थापन केन्द्रलाई क्रियाशील बनाइनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालिन योजना तयार गरी लागू गरिनेछ ।
- भूमिको उत्पादकत्व वृद्धि गरी कृषियोग्य भूमिको खण्डीकरण र अनावश्यक अतिक्रमण रोकिनेछ साथै भू-क्षय न्यूनीकरणमा जोड दिईनेछ साथै विपद व्यवस्थापनको प्रवाभकारी ढंगले कार्यन्वयन गरिनेछ ।
- निजि क्षेत्रसंगको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रबाट प्रतिघर न्यूनतम शुल्क लिई दैनिक वा साप्ताहिकरुपमा फोहोर संकलन गरी स्वच्छ र स्वस्थ जीवन निर्वाहका साथ सफा गाउँपालिका बनाउँन विशेष कार्यक्रम अघि बढाईने छ ।
- होटल तथा बजारबाट निस्कने फोहोरमैलालाई सुरक्षित ढंगले व्यवस्थापन नगर्ने संचालक लाई कारवाहीको दायरामा ल्याईनेछ ।
- घरेलु फोहोरमैला व्यवस्थापनका लागि हरेक घरबाट निस्कने फोहोरमैलालाई कुहिने र नकुहिने वर्गमा वर्गीकरण गरी फोहोरमैला व्यवस्थापनमा स्वयम जिम्वेवार हुने गरी जनसहभागिताको नीति अवलम्बन गरिनेछ ।

- नदि, खोला डिलमा र सार्वजनिक स्थलमा फोहोर बिसर्जन गर्नेहरुलाई दण्डित गरिने नीति लिईनेछ। वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोला मुक्त स्थानीय तहको रुपमा यस गाउँपालिकालाई विकास गर्न औपचारिक पहल सहित आवश्यक कार्यनीति अवलम्बन गरिनेछ, साथै बैकल्पिक व्यवस्थाको लागि गैरप्लास्टिक झोलाको प्रयोगमा जोड दिईनेछ।
- **प्राकृतिक विपद्का कारण घरबार विहिन परिवारका लागि राहत सहित पूर्नवासको व्यवस्था गरिनेछ।**
- विपद् व्यवस्थापन कोषमा जम्मा गर्दै आएको रकमलाई निरन्तरता दिई कोष परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुमा सुशासन कायम राख्न सो को व्यवस्थापन, नक्शाङ्कन, नवीकरण र लेखापरीक्षणलाई अनिवार्य गरि नियमन गरिनेछ ।
- मदिरा जन्य र अन्य पेय पदार्थका खालि बोतलहरु तथा प्लाष्टिकजन्य वस्तुहरु सम्बन्धित कम्पनि वा सप्लायर्सलाईनै अनिवार्य फिर्ता लैजाने व्यवस्था मिलाइनेछ ।
- **विपद् व्यवस्थापनका लागि विपद् पूर्व सूचना प्रणाली संचालन गरिनेछ ।**
- **विपद्को समयमा आपतकालीत उद्धारका लागि वडा स्तरमा स्वयंसेवकहरुका लागि तालिमको व्यवस्था गरिनेछ ।**
- **विपद् जोखिम क्षेत्रको पहिचान तथा नक्शांकन गरिनेछ ।**
- **बाढी तथा पहिरोको कारण ग्रामीण कृषि सडक तथा राजमार्गहरु अवरुद्ध हुने परिस्थितिलाई न्यूनीकरण गर्न गाउँपालिकाबाट सम्बन्धित वडामा पहिरो सफा तथा मर्मतका लागि बजेट विनियोजन गरिनेछ ।**
- **स्थानीय विपद् तथा पूर्वतयारी तथा प्रतिकार्यका लागि योजना निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।**

**संस्थागत बिकास सेवा प्रवाह तथा सुशासन सम्बन्धी नीतिः**

- गाउँपालिका, वडाकार्यालय र स्वास्थ्यचौकीहरुमा नागरिक बडापत्र राख्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- ऐन नियम तथा कार्यविधि एवम् मापदण्ड तर्जुमा गरी कानुनी संरचना तयार गरिनेछ ।गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी ढंगले सञ्चालन गरी सम्पूर्ण सूचनाहरु वेवसाइट र गाउँपालिकाको आधिकारिक फेसबुक पेजमार्फत प्रकाशन तथा प्रशारण गरिनेछ ।
- गाउँपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानीय नागरीकहरुलाई सहज तवरले जानकारी पुऱ्याउन सबैखालका सञ्चार माध्यमसँग समन्वय गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्धि गरी बित्तीय जोखिमलाई न्यूनीकरण गर्न अनुगमन समिति गठन गरी उक्त समितिलाई सक्रीय तुल्याईने छ ।
- सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगति समिक्षा, समन्वय बैठक, प्रत्येक वडामा पुग्ने गरी पालिका स्तरीय सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदि कार्यक्रमहरुलाई कडाइका साथ लागू गरिनेछ ।

**"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"**

- कर्मचारी एवमं पदाधिकारीको क्षमता विकासका लागि आवश्यक समय सापेक्षित बनाउन तालिम, अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ साथै कर्मचारीको मनोबल उच्च बनाई राख्न विगत देखि खाईपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई बार्षिक बजेट, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा पुरस्कृत गरिनेछ ।कर्मचारीको व्यवस्थापनका लागी इन्द्रसरोवर गाउँपालिकाको कर्मचारी आचार संहिता तयार गरी कडाइका साथ कार्यान्वियनमा ल्याइनेछ ।
- हाल सम्म यस गाउँपालिकामा निर्मित मौज्जुदा नियम कानुनहरुको आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गरी सुशासन एवं कानुनको शासनको पूर्ण प्रत्याभूति दिलाई आमनागरिकहरुमा कानुनी राज्य र लोकतान्त्रिक सरकारको प्रत्यक्ष अनुभूति दिलाईनेछ ।
- भ्रस्टाचार जन्य क्रियाकलापलाई निरुत्साहित गरी भ्रस्टाचार गर्ने र गराउने सबैलाई दण्डित गरिनेछ।शान्ति सुरक्षाको अनुभूति दिलाउन सरकारमा पहुँच नभएका विभिन्न तरिकाले अन्यायमा परेका महिला,दलित,अपांग भएका व्यक्तिहरु लगायत विभिन्न वर्ग,समुदायहरुलाई आवश्यकता अनुसार जनसम्पर्क एवं कानुनी सहजकर्ताको नियुक्तिलाई निरन्तरता दिन प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।
- न्याय सम्पादनलाई चुस्तदुरुस्त कायम गर्न स्थानीय प्रशासनसँग आवश्यक सहकार्य गरी न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुले सम्पादन गर्ने काम कारवाहीलाई प्रभाबकारी बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुपको स्थानीय स्तरका मुद्दा तथा गुनासोहरुको सुनुवाई गरिनुका साथै न्यायिक समिति मार्फत प्रभाबकारीढंगबाट न्याय सम्पादन गरिनेछ । क्षेत्र अधिकार अनुसारको नागरिक बडा पत्र निर्माण गरिनेछ।
- न्यायिक समितिको व्यवस्थापन तथा क्षमता अभिमुखीकरण तालिम,न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुबाट सम्पादन हुने कामकारवाहीलाई प्रभावकारी ढंगले अगाडी बढाउन आवश्यक निती अवलम्वन गर्नेछ ।
- समाजमा देखिएका विवादहरुलाई न्युनिकरण गर्न मेलमिलाप कर्ताहरुलाई व्यवस्थित तरिकाले परिचालन गर्नको लागि मेलमिलाप कर्ताको व्यवस्थापनका लागि बजेटको व्यवस्थापन गरिनेछ ।
- जेहेन्दार, दलित, अल्पसंख्यक, आदिवासी जनजाती परिवार र बालबालिकाहरुको पहिचान गरी आधारभूत देखि माध्यमिक तह सम्मको पढाईको लागि छात्रावृत्तिको व्यवस्थापन गरिनेछ ।

- इन्द्रसरोवर गाउँपालिकाले गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्यचौकी तथा बिद्यालयहरुमा संचालनमा ल्याएको विधुतीय हाजिरी प्रविधिलाई सुब्यबस्थित गरी आगामी आर्थिक वर्षको सुरुदेखि कडाईका साथ लागू गरिनेछ ।साथै गाउँपालिकाको राजश्व संकलन प्रणालीलाई सफ्टवेयर मार्फत कार्यान्वयनमा ल्याईनेछ।
- उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा प्रतिनिधिहरुलाई जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समय सीमा निर्धारण गरी जिम्मेवारी प्रदान गरिनेछ ।

- सुरक्षित वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई यससँग सम्बन्धित आवश्यक सूचनाहरु प्रवाह तथा सहजीकरण गर्न गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई थप जिम्वेवार बनाइनेछ ।
- गाउँपालिका भित्र रहेको प्रहरी चौकीसँग समन्वय गरि शान्ति सुरक्षा कायम गर्नुका साथै अपराधजन्य घटना न्यूनीकरण र अवैध चोरी निकासीलाई नियमन गरिनेछ ।
- डिजिटल भिलेज प्रोफाइल तयार गरी गाउँपालिकाको एकीकृत तथ्याङ्क तयार गरिनेछ र यसलाई विकासका सबै योजना सँग आवद्ध गरिनेछ ।
- सबै किसिमका सेवाहरु एकै स्थानबाट प्रदान गर्न एकीकृत घुम्ति शिविर सेवा सञ्चालन गरी नागरिकको घरदैलोमा स्थानीय सरकारको साथ भएको अनुभूति दिलाइनेछ ।
- गाउँपालिकाले सम्पादन गरेका कामकारबाहीको सम्बन्धमा अर्धवार्षिक र वार्षिकरुपमा समीक्षा गरी सेवा प्रवाह र विकास निर्माणका कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
- कर्मचारीहरुको क्षमता विकास गरी संस्थागत क्षमता विकास अभिवृद्धि गर्न आवश्यकता अनुसारको तालिम प्रदान गराउँदै सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहीमैत्री र नागरिकमैत्री बनाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी, न्याय सम्पादनमा संलग्न कर्मचारीहरु,मेलमिलापकर्ताहरु सहितको नमुना गाउँपालिका वा नगरपालिकाको अवलोकन भ्रमण गरिनेछ।
- गाउँपालिका स्तरिय मेलमिलापकर्ताहरुको छनोट तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमलाई निरन्तरता दिईनेछ।
- **एकीकृत घुम्ती शिविरमार्फत गाउँपालिकाको सेवा जनताको घर दैलोमा पुऱ्याइनेछ ।**
- **अन्य गाउँपालिकाले गरेका असल अभ्यास अवलोकन गर्ने व्यवस्था मिलाइनेछ ।**
- **गाउँकार्यपालिकाले सम्पादन गरेका कामहरुको सम्बन्धमा अर्धवार्षिक र वार्षिक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाइनेछ ।**

**सूचना संचार तथा प्रविधि सम्बन्धि नीतिः**

- सूचनाको हक अन्तर्गत गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमलाई पारदर्शी रुपमा सबैका माझ राख्न **“इन्द्रसरोवर गाउँपालिका GIS BASED OPEN DATA PLATFORM”** लाई प्रयोगमा ल्याइनेछ।
- गाउँपालिकामा e-governance प्रणाली लागु गर्ने गरी सूचना तथा संचार प्रविधिको पूर्वाधार विकास गर्दै लगिनेछ।
- गाउँपालिका मातहतका सवै वडा कार्यालय, स्वास्थ्य चौकी, मा.वि. विद्यालयहरु तथा प्रहरी चौकीहरुमा प्रदान गरिदै आएको ब्रोडव्याण्ड इन्टरनेट सेवालाई निरन्तरता दिदै क्रमश सबै आधारभूत बिद्यालयहरुमा पनि यसको बिस्तार गरिनेछ ।
- स्थानीय संचार संस्थाहरु, रेडियो, पत्र पत्रिकाहरू, अनलाईन पत्रपत्रिकाहरू संग सहकार्य र स्थानीय टेलिभिजनको आवश्यकताको अध्ययन गरिनेछ।
- Online मार्फत कर राजश्व तिर्न सक्ने व्यवस्थालाई प्रभावकारी रुपमा प्रयोगमा ल्याई राजश्व संकलनमा प्रभावकारिता ल्याइनेछ।

**"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"**

- यस गाउँपालिकाबाट प्रवाह गरिने सेवाहरु चुस्त दुरूस्त ढंगवाट सम्पादन गर्नको लागि संचालनमा रहेका सफ्टवेरहरू ( राजश्व, ई- अटेन्डेन्स, ग्रुप एस. एम.एस) लाई निरन्तरता दिदै थप सफ्टवेरहरू (योजना, जिन्सी व्यवस्थापन, दर्ता चलानी, नक्सापास आदि) लाई थप गरिनेछ।

**आदरणीय सभासदस्य महोदय,**

अन्त्यमा,

यो नीति तथा कार्यक्रम इन्द्रसरोवर गाउँपालिका विकासको मार्गचित्र र इन्द्रसरोवर निवासीको माग र आवश्यकताको प्रतिफल हो। यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवि, शिक्षक, समाजसेवी, विकास साझेदार संघसंस्था लगायत सबै क्षेत्रको सल्लाह सुझावलाई समेट्ने प्रयास गरेको छु। नीति तथा कार्यक्रमको तर्जुमामा अमूल्य सुझाव दिनुहुने एवं सहयोग गर्नुहुने सम्पुर्णमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट खस्कदो अर्थतन्त्र पुर्नउत्थान हुने, रोजगारी सृजना हुने, कृषि उद्योग तथा सामाजिक विकासको माध्यमबाट सबै इन्द्रसरोवर निवासीको समुन्नति हुने तथा सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक लगायत सर्वाङ्गीण पक्षको विकास भई **"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"** को लक्ष्य पूरा हुने अपेक्षा राखेको छु। तसर्थ नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीविहरु, समाजसेवी, उद्योगी व्यवसायी, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र सम्पूर्ण इन्द्रसरोवर निवासी जनताको साथ र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

**धन्यवाद !!!**

**देवकृष्ण पुडासैनी**
**अध्यक्ष**
**इन्द्रसरोवर गाउँपालिका**
**असार ०७, २०८१**

इन्द्रसरोवर गाउँपालिका